जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २५१ २०८२ साल बैशाख २५ गते बिहीबार (8 May 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : आजको सन्दर्भमा पत्रकार ... ३ पृष्ठमा : भारत र पाकिस्तानबीचको ... ३ पृष्ठमा : भारतद्वारा पाकिस्तान ...

## जनमत पार्टीका अध्यक्ष डा.राउतद्वारा रामराजा प्रतिष्ठानको पुनः शिलान्यास



**दैनिक समाचारदाता**
**राजविराज, २४ बैशाख ।**

जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको बुधबार जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले पुनः शिलान्यास गरेका छन् ।

राजविराज नगरपालिका वडा नम्बर १० स्थित रहेको प्रतिष्ठानको सप्तरी क्षेत्र नम्बर २ बाट निर्वाचित सांसद समेत रहेका राउतले एक कार्यक्रमकाबीच पुनः शिलान्यास गरेका हुन् ।

यसअघि प्रधानमन्त्री केपी शर्मा ओलीले २०७८ असार २२ गते भर्चुअल माध्यमबाट प्रतिष्ठानको शिलान्यास गरेका थिए ।

शिलान्यास कार्यक्रममा संचारकर्मीहरु संग संक्षिप्त कुरा गर्दै डा राउतले तत्कालिन प्रधानमन्त्री ओलीद्वारा भर्चुअल माध्यममा शिलान्यास गरिएको भनिएपनि स्थलगत रुपमा शिलान्यास हुन नसकेको, प्रतिष्ठानको गठन आदेश नविकरण नभएको तथा बजेट समेत उपलब्ध नभएको अवस्थामा प्रतिष्ठानको निर्माण कार्य अलपत्र रहेको दृष्टिगत गरि आफूले शिलान्यास स्पष्टिकरण दिए ।

जनमत पार्टी नेतृत्वकै मधेश प्रदेशमा सरकार गठन भएपछि तत्काल भवन निर्माणका लागि ४ करोड रुपैया बजेट समेत सुनिश्चित गरिएको उनले बतए ।

डा.राउतले निर्वाचनको समयमा प्रतिष्ठानको कामलाई अघि बढाउने भनि जनता संग गरिएको प्रतिबद्धता पुरा गर्न गठन आदेश नबिकरण समेत गराएर काम सूचारु गर्न लागेको जानकारी दिए ।

एक प्रदेश एक स्वास्थ्य बिज्ञान प्रतिष्ठान निर्माण गर्ने निति अनुसार २०७५ साल पुष १६ गते मन्त्री परिषदको बैठकले मधेश प्रदेशको राजबिराजमा गणतन्त्रबादी नेता रामराजा प्रसाद सिंहको नाममा प्रतिष्ठान निर्माण गर्ने निर्णय गरको थियो ।

राजबिराज नगरपालिकाले यसका लागि बडा नम्बर १० स्थित बिरौलमा ६२ बिगहा जग्गा प्रतिष्ठानका लागि दिने निर्णय गरेपछि २०७८ जेठ २१ गतेको मन्त्री परिषद् बैठकले निर्णय समेत प्रतिष्ठानलाई सो जग्गा दिने गरेको थियो ।

शिलान्यास समारोहमा जनमत पार्टीका संगठन विभाग प्रमुख जयकान्त राउत, मधेश प्रदेशका पर्यटन मन्त्री शकिल अली मियाँ, प्रदेश साँसद महेश प्रसाद यादव, प्रतिष्ठान पुर्वाधार तयारी विकास समितिका अध्यक्ष डा. पशुपति चौधरीका साथै स्थानियहरुको उपस्थिति रहेको थियो ।

डा.राउतले बुधबार नै मधेश प्रदेश सरकारको लगानीमा

***बाँकी अन्तिम पृष्ठमा***

## ठूलो परिमाणको लागूऔषध सहित दुईजना पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २४ बैशाख ।**

सिरहा प्रहरीले ठूलो परिमाणको प्रतिबन्धित लागुऔषध सहित दुईजनालाई बुधबार नियन्त्रण लिएको छ ।

प्रहरीले सिराहा लहान नगरपालिका वडा नम्बर १५ का २१ बर्षीय सन्तोष यादव, सोही ठाउँका वडा नम्बर १६ बस्ने २२ बर्षीय जितेन्द्र यादवलाई लागुऔषध सहित नियन्त्रणमा लिएको हो ।

दुबैजनाले भारतबाट अनरेक्स एक सय एमएल लेखिएको प्रतिबन्धित लागुऔषध १२०/१२० बोतल बोकेर ल्याउँदै गर्दा गोप्य सूचनाको आधारमा लागुऔषध सहित उनीहरुलाई लहान नगरपालिका वडा नम्बर १७ स्थित बलान खोलाबाट नियन्त्रमा लिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक बिरेन्द्र कुमार पासबानले जानकारी दिए ।

पासबानका अनुसार उनीहरुले सोही स्थानमा लुकाई छिपाई राखेको दुई वटा बोराको पोका २०३ बोतल गरि कूल ४४३ बोतल लागुऔषध बरामद गरिएको छ ।

***बाँकी अन्तिम पृष्ठमा***

### जग्गाधनी पुर्जाको माग गर्दै तेश्रो चरणको आन्दोलनमा राजविराजवासी

## ‘प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभामा उठाएको आवाज पनि सरकारले सुनेनन्’



*सप्तरी उद्योग वाणिज्य संघका अध्यक्ष लालु प्रसाद अग्रवाललले संघर्ष समितिलाई ऐक्यवद्धता पत्र हस्तान्तरण गर्दै*

**दैनिक समाचारदाता**
**राजविराज, २४ बैशाख ।**

राजबिराज नगरपालिकामा स्थापनाकाल देखि बसोबास गर्दै आएका नगरवासीले ब्लक, बिटौरी जग्गाको जग्गाधनी पुर्जा पाउनुपर्ने माग राख्दै समस्याको समाधान गर्न सप्तरी क्षेत्र नम्बर ३ का साँसद दिनेश कुमार यादवले संघीय संसदमा आवाज उठाए ।

यही समस्यालाई लिएर सप्तरीकै अर्का साँसद रञ्जु ठाकुरले पनि सँघीय संसदमा आवाज उठाईन् ।

राष्ट्रियसभा सदस्य मृगेन्द्र कुमार सिह यादव र मधेश प्रदेशका प्रदेश सभासभा सदस्य किरण कुमारी साहले पटक-पटक सदनमा कुरा उठाएपनि नेपाल सरकार र सम्बन्धित मन्त्रालयले कुनै चासो लिएनन् ।

२०१६ सालमा राजबिराज नगरपालिका स्थापनाकालदेखि नै नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाँ/बायाँ रहेका ७० बिगहा क्षेत्रफलमा बसोबास गर्दै आएका ५ हजार २ सय परिबार बर्षौंदेखि जग्गाधनी पुर्जा बिहिन अवस्थामा बसोबास गर्दै आएका छन् ।

नगरपालिकाबाट नक्सापास तथा मालपोत कार्यालयबाट विगत ८ बर्षदेखि रोक्का प्रकृया बन्द छ । यसअघि जग्गा बापत नगरपालिकाबाट पाएको बिटौरी रसिदका आधारमा बसोबास गर्दै आएका राजबिराजबासी सोही बिटौरी रसिदमा उल्लेखित जग्गा बैंक तथा वित्तिय संस्थामा धितो राखि ऋणकर्जा लिदै आफ्नो आबश्यकता पुरा गर्दै आएका थिए । तर, हाल उनीहरु अहिले सो सेवा सुविधाबाट बञ्चित भएका छन् ।

बसोबास गरेकै जग्गा धितो राखेर ऋण समेत पाउनबाट बञ्चित भएपछि यहाँका बासिन्दाको औषधि उपचार, शिक्षा, व्यवसायी सबै चौपट भएको छ ।

जग्गाधनी पुर्जा पाउनुपर्ने

***बाँकी अन्तिम पृष्ठमा***

## कोशी प्रदेशको बर्खे अधिवेशन जेठ ४ देखि

मोरङ, २४ वैशाख (रासस) ।

कोशी प्रदेशसको बर्खे अधिवेशन आगामी जेठ ४ गतेदेखि प्रारम्भ हुने भएको छ । प्रदेश सरकार मन्त्रिपरिषद्को बुधवार को बैठकले उक्त दिन अधिवेशन आह्वानका निम्ति प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।

मुख्यमन्त्री हिक्मतकुमार कार्कीको अध्यक्षतामा बुधवार भएको बैठकले उक्त निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता रेवतीरमण भण्डारीले बताउनुभयो । बैठकले स्थानीय सरकार सेवा (गठन तथा सञ्चालन) नियमावलीउपर प्रदेश लोकसेवा आयोगको परामर्श लिने निर्णय गरेको छ । साथै बैठकले कारखाना तथा ‘बर्कसप’ सञ्चालन निर्देशिका स्वीकृत गरेको छ ।

**भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।**

**नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस**

# Wisdom School

Rajbiraj 2

**राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो**

**हाम्रो विशेषताहरु**

- दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने ।
- बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने ।
- CC Camera को निगरानीमा पठनपाठन गराइने ।
- अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने ।
- प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको ।
- गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
- कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने ।

**प्रधानाध्यापक**
Wisdom School, Rajbiraj 2
**सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२**

## सम्पादकीय ....

### पालिकाहरूको अवस्था कहालीलाग्दो

संघीयता कार्यान्वयनसँगै देशभर स्थानीय सरकारहरू स्थापना भएका झन्डै एक दशक हुन लाग्यो । तर सप्तरी जिल्लाका अधिकांश पालिकाहरूमा शासन प्रणालीको अवस्था आज पनि कहालीलाग्दो छ । विकासको नाममा देखिएको योजनाविहीन खर्च, पारदर्शिताको अभाव, सेवा प्रवाहमा चरम लापरवाही, र जनउत्तरदायित्वको कमजोरीले सप्तरीका जनतामा स्थानीय शासनप्रतिको विश्वास घट्दै गएको छ । कतिपय पालिकामा बजेटको चरम दुरुपयोग, एकै जनप्रतिनिधिका नातागोता र आफन्तहरूद्वारा ठेक्का लिने प्रवृत्ति आम देखिन्छ । जनताको मागअनुसार होइन, सुविधा अनुसार योजना बनाइन्छ । विद्यालय, स्वास्थ्यचौकी, सडक वा खानेपानीका योजनाहरू जनताको हितभन्दा बढी कमिसनको लक्ष्यमा केन्द्रित देखिन्छन् ।

सामान्य नागरिक सेवा, जस्तै जन्म-मृत्यु दर्ता, सिफारिस, वा सामाजिक सुरक्षा सुविधा लिनसमेत पालिका कार्यालयमा घण्टौं लाइन बस्नुपर्छ । कतिपय पालिकामा कर्मचारी नै नियमित रूपमा कार्यालय नआउने, सूचना प्रवाहमा ढिलाइ, र सेवाग्राहीसँग असौजन्य व्यवहार गर्ने प्रवृत्ति देखिन्छ । वडास्तरदेखि पालिकासम्म योजनाहरू बनाउँदा जनप्रतिनिधिले स्थानीय बासिन्दासँग सरोकार राख्दैनन् । बजेट निर्माणदेखि निर्णय प्रक्रियासम्म सल्लाह र सहभागीता झिनो छ । यसको परिणाम स्वरूप योजनाहरू अपूर्ण, अलपत्र, वा निरर्थक बन्न पुगेका छन् । पालिकाहरूको अवस्था सुध्रनु भनेको स्थानीय शासन सुदृढ हुनु हो ।

तसर्थ जनप्रतिनिधिले आफूलाई 'शासक' होइन, 'सेवक' ठान्न थाल्नुपर्छ । पारदर्शिता, उत्तरदायित्व र जनसहभागिता सुनिश्चित नगरेसम्म स्थानीय तहको विकास एक भ्रम मात्र हुनेछ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# आजको सन्दर्भमा पत्रकार र पत्रकारिता

- कुन्दन अर्याल

काठमाडौं, २४ वैशाख (रासस) ।

एक पटक कक्षाबाट बाहिरिँदै गर्दा लालदेउसा राई भन्दै हुनुहुन्थ्यो, पत्रकार पहिले जन्मिए, त्यसपछि मात्र संसारमा पत्रपत्रिकाको जन्म भएको हो । केही जिज्ञासु विद्यार्थी कक्षा कोठा बाहिर पनि झ्याम्मिएर उहाँको रमाइलो कुरा सुनिरहेका थिए । हल्का ढङ्गले अभिव्यक्त उहाँको संक्षिप्त र अनौपचारिक तर्कले मलाई पनि तान्यो । तर आज जति जति समय बित्दै जाँदैछ, म उति बुझ्दैछु उहाँले भन्नुभएको कुरा कति गहिरो रहेछ । यदि पत्रकारितालाई सूचना र समाजका विभिन्न तह र तप्काहरुबीचको अन्तरसम्बन्ध अनि एकीकरणको औजार मान्ने हो भने यस्तो कार्य त मानव सभ्यताको प्रारम्भिक समयदेखि नै हुँदै आएको छ । फरक यति हो, समयक्रममा विकसित हुँदै गएका साधनले मानव सञ्चारलाई झनझन सशक्त बनाउँदै लगेका छन् । पत्रकारहरुले पत्रकारिता गर्नका लागि आफ्नो समयमा उपलब्ध साधनहरुलाई अङ्गीकार गर्दै आएका छन् । यति भने पछि अझ प्रष्टसँग बुझ्न सकिन्छ, पत्रकारिता पत्रकारभन्दा पछि आएको हो भन्नुको अर्थ के हो ?

नेपालको मात्र होइन, संसारकै निरन्तर चलिरहेको पुरानो अखबारका रुपमा सुपरिचित गोरखापत्रको वार्षिकोत्सवलाई राष्ट्रिय पत्रकारिता दिवसका रुपमा समेत मनाउँदै गर्दा मलाई पत्रकार र पत्रकारितासम्बन्धी त्यो पुरानो प्रसङ्गको सम्झना हुनुको विशेष कारण छ । नेपालमा १२५ वर्षदेखि एउटा अखबार निरन्तर बजारमा आइरहेको छ, यो राष्ट्रिय गौरवको विषय हो । गोरखापत्र सुरु हुँदा संसारमै रेडियो प्रसारण त सुरु भएको थिएन भने टेलिभिजनको त कुरै भएन, इन्टरनेट र यसका उपक्रमहरु त धेरैपछि सुरु भए । गोरखापत्रको अत्यन्त औपचारिक टिप्पणीबाट माथि उठेर गम्ने हो भने राष्ट्रिय पत्रकारिता दिवसका रुपमा हामीले एउटा यस्तो दिन पाएका छौं, जुन दिन हामी समकालीन नेपाली समाजमा आमसञ्चार माध्यमको स्थान, विश्वसनीयता र प्रभावको समीक्षा गरेर सार्थकरुपमा मनाउन सक्दछौं । आजको नेपाली पत्रकारिताको समाजशास्त्र बुझ्न ह्यारोल्ड लासवेलको बहुचर्चित सञ्चार नमूनाका आधारमा शोध प्रश्न बनाउन सकिन्छ : कसले के भन्यो, कुन माध्यमबाट, कसलाई, अनि के प्रभाव पाऱ्यो ? आजको नेपाली आमसञ्चार [redacted] क, सन्देश, [redacted] प्रभावको [redacted] दृष्य हुने [redacted] ध्यम र [redacted] भावको [redacted] ल्लेखनीय [redacted] का वा छापा ओरालो लागिरहेका छन्, समाज र शासकको निगरानी गर्ने अनि सामाजिक मूल्य र मान्यताको प्रसार गर्ने भूमिकामा रहेका पत्रकारहरु उन्नत सञ्चार प्रविधिले अस्तित्वमा ल्याएको नयाँ माध्यममा अभ्यस्त हुन सङ्घर्षरत छ । यो विश्वभरिको कथा हो, नेपाल पनि अपवादका रुपमा रहन सक्दैन । पत्रपत्रिका नरहने भोलिको अवस्थामा पनि पत्रकारिता रहनुपर्नेछ, पत्रकारहरुले गर्नुपर्ने अबको सङ्घर्ष यही हो । राज्य र समाजले पनि सोच्नुपर्ने विषय हो यो ।

सञ्जालको निर्माण त मानव सभ्यतामा अहिलेसम्म अस्तित्वमा आएका सबै सञ्चारमाध्यमका प्रवृत्ति नै हो । तर इन्टरनेटले जन्माएको सञ्जाल अभूतपूर्व छ, खासगरी सामाजिक सञ्जालले एकातिर व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताका दृष्टिले अभूतपूर्व रुपमा सशक्त बनाएको छ । अर्कोतिर यसले समाजको सूचना र सञ्चार आवश्यकता जिम्मेवारीपूर्वक पूरा गर्न अत्यावश्यक सम्पादित सामग्रीको प्रसार गर्ने पत्रकारिताकासामु गम्भीर चुनौती प्रस्तुत गरेको छ । आज सूचना र सञ्चार जगत्मा सङ्गठित आम सञ्चारमाध्यमको प्रभुत्वको अन्त्य मात्र भएको छैन, अन्तर्वस्तुका प्रयोगकर्तामा सामग्रीको समीक्षा गर्ने क्षमतासमेत अकल्पनीय रुपमा बढेको छ । यस्तो समयमा खासगरी कृत्रिम बौद्धिकतासहितको सूचना प्रविधिको यथोचित र नैतिक प्रयोगको सीपका दृष्टिले नेपाली पत्रकारहरुको पुर्नजन्म हुन जरुरी छ ।

सञ्चार प्रविधि आज कसरी दुईधारे तरबार बन्न पुगेको छ भन्ने कृत्रिम बौद्धिकताको नैतिकता बेगरको प्रयोगले देखाएको छ । उत्तर आधुनिक र सूचना समाजमा छवि र प्रतिनिधित्वका सन्दर्भमा आएको उन्नतिले सत्यलाई यति बहुरुपमा प्रस्तुत गरिरहेको छ, डिजिटल मिडियाका प्रयोगकर्ताका निम्ति सत्यापन निकै कठिन हुन पुगेको छ । साथै, पत्रकारिताको ज्ञान र सीपबाट सुसज्जित व्यावसायिक पत्रकारहरुका सामु इन्टरनेटको उपज सामाजिक सञ्जाल र अन्तर्वस्तुको द्रुत उत्पादकका रुपमा कृत्रिम बौद्धिकताका औजारहरुले मूलतः नैतिक चुनौती तेर्स्याएका छन् । अहिले तत्कालीन रुपमा पत्रकारको रोजगारी र जीविकोपार्जनमाथिको चुनौतीका रुपमा देखिएको कृत्रिम बौद्धिकताबाट तत्क्षण सामग्री तयार गर्ने प्रवृत्तिले पनि अन्ततः समाजलाई नैतिक सङ्कटमा पुऱ्याउने छ । गहन अनुसन्धान, सिर्जनशीलता, लगनशीलता र निरन्तरताको कसीमा दरिएका होइनन्, कम्प्युटरमा कमाण्ड दिएर तत्क्षण हासिल गरिएका सामग्रीले अन्ततः समाजलाई नै भूलभूलैयाको वातावरणमा रुमल्याउने छ ।

विश्वमा लिपीको विकासपछि एक समयमा हस्तलिखित पुस्तक र सूचनापत्र निस्कनु स्वभाविकै थियो । तर सञ्चारका ती साधन अहिलेका सञ्चारमाध्यमजस्ता व्यापक र प्रभावशाली थिएनन् । पन्ध्रौं शताब्दीको मध्यमा गुटेनवर्ग प्रेसले माध्यमको स्वरुप नै परिवर्तन गरिदियो र आमसञ्चार माध्यमको युग सुरु भयो । सत्रौं शताब्दीको उत्तरार्द्धसम्म छापिएका पत्रपत्रिका निस्कन थाले र त्यस बेलासम्म छापाका मानिसको समय सुरु भइसकेको थियो । त्यसबेला किताबजस्तो बाँधिएको होइन, खुला चौडा कागजमा सूचना र टिप्पणीसमेत छापेर वितरण गराउने कार्यलाई पत्रकारिता भन्न थालियो । तर सूचनाको आदानप्रदान त त्यसअघि पनि त हुने गर्दथ्यो । मानिस त स्वभावैले असञ्चारको अवस्थामा रही रहन सक्दैन, कसले सञ्चार कसरी वा कुन माध्यमबाट गर्दछ भन्ने मात्र हो ।

समयक्रममा पत्रकारिताको अर्थ विस्तार हुँदै गयो, पत्रमा सूचना प्रस्तुत गरेर यस्तो नाम हासिल गरेको पत्रकारिता रेडियोमा बोलीमार्फत र टेलिभिजनमा ध्वनि र चित्रमार्फत झन प्रभावकारी रुपमा हुन थाल्यो । आज सञ्चार प्रविधिको सम्मिलनका कारण उत्पन्न माध्यमसमेतको सम्मिलनको स्थितिले पत्रपत्रिका बेगरको पत्रकारिताको बाटो बनाइसक्यो । अध्येताहरु प्रयोगसिद्ध अनुसन्धानका आधारमा भन्दै छन्, धारणा निर्माण गर्ने भूमिका अब परम्परागत पत्रकारिताबाट सामाजिक सञ्जाल र डिजिटल मिडियामा सरिसक्यो । बीसौं शताब्दीको सुरुआतमा अखबारको प्रभावलाई मध्यनजर गर्दै विज्ञहरु भन्दथे, बाह्य संसारको तस्विर सर्वसाधारणको मस्तिष्कमा कुँदिदिने आम सञ्चारमाध्यम जनमत निर्माता हुन् । आज उत्तर आधुनिककालसम्म आइपुग्दा सञ्चार प्रविधिको यति विकास भएको छ, कुनै घटना, विचार वा संसारिक विषयका कुनै पाटोलाई पुनर्निर्माण वा प्रतिनिधित्व गरेर होइन, हुँदै नभएको देखाउँदा पनि सजिलै थाहा पाउन सकिँदैन । गहिरो मिथ्या, गलत सूचना सबै यति सहजै र व्यापकरुपमा फैलन सक्छन्, सम्पादित सामग्रीको महत्व झन बढेको छ । यसरी इन्टरनेटको द्रुत प्रवाह र कृत्रिम बौद्धिकताको तीव्र गतिको यो समयमा पत्रकारिताको महत्व झन बढेको छ ।

आज पत्रकारिता नयाँरुपमा छ, 'डिजिटल जर्नालिजम' । आउने समयमा कागजमा त पत्रपत्रिका नभेटिन सक्छ । तर पत्रकारिता त रहनेछ, किनकी सूचना, अभिप्रेरणा, समाजका विभिन्न तह र तप्काबीचको अन्तरसम्बन्धको निरन्तरता र एकीकरण अनि ज्ञानको पुस्तान्तरण र मनोरञ्जनका लागि सशक्त पत्रकारिता चाहिन्छ । अफवाह, बनावटी सूचना र भ्रमहरुको निस्सारिँदो परिवेशलाई चिर्न ज्ञान र सीप भएका नैतिक सञ्चारकर्मीहरुले अघि बढाउने व्यावसायिक पत्रकारिताको आवश्यकता कृतिम बौद्धिकताको चरमोत्कर्षमा झन बढी पर्नेछ । त्यसैले कागजमा प्रस्तुत गरिने सूचना वा टिप्पणीका सामग्रीलाई पत्रपत्रिका भन्ने हो भने आउने कुनै समयमा पत्रपत्रिका नरहन पनि सक्छ । सन् २००४ मै अमेरिकी पत्रकार फिलिप मेयरले सन् २०४३ मा अमेरिकामा कागजमा छापिने अखबारको अन्तिमप्रति छापिने भविष्यवाणी गरिसकेका छन् । आज न राजधानीको भूगोलपार्कमा अखबारहरु भुइँमा बिछ्याएर बेचेको देखिन्छ, न पत्रपत्रिकाका पसलमा अखबारहरु लहरै भुण्डयाइएको देखिन्छ ।

जसरी पत्रपत्रिकाभन्दा पहिले पनि पत्रकारिताको प्रारुपको आकलन गर्न सकिन्छ । त्यसैगरी पत्रपत्रिका नरहने अवस्थामा पनि पत्रकारिता रहनेछ । अबको संसारमा नबाँधिएको, समाचार र समाचारजन्य मानव रुचिका सामग्री छापिएका मूल्य अङ्कित र मूल्य तिर्ने जोसुकैले प्राप्त गर्नसक्ने खुला पानालाई समाचारपत्र, अखबार वा पत्रिका भन्ने हो मिल्दैन । त्यसैगरी त्यस्ता पत्रपत्रिका प्रकाशन गर्ने कामलाई पत्रकारिता भनिन्छ भन्यो भने पनि पत्रकारिताको परिभाषा पूर्ण हुन सक्दैन । अहिले जसरी परम्परागत पत्रकारिता र नयाँ पत्रकारिता भन्ने भेद छुट्याउन थालिएको छ, आउने समयमा त्यो विभेद हराउनेछ र केवल पत्रकारिता जीवित रहनेछ, भौतिक रुपमा कागजमा छापिने अखबार विलुप्त होलान्, डिजिटल स्पेशमा पत्रकारिता मुखरित हुनेछ ।

जसरी कुनै बेला बोली वा श्रवण अनि त्यसपछि लिपी र छापाको प्रभावको युग थियो, त्यसगरी यो युग, मक्लुहानको इलेक्ट्रिक युग वा हामीले देखेको इन्टरनेट र यसका उपजको प्रभावको युग हो । त्यसैले आजका नेपाली पत्रकारहरुको चुनौती पत्रकारिताको नयाँ सुरुआतलाई प्रभावकारी रुपमा अङ्गिकार गर्ने क्षमता हासिल गर्नु हो । त्यसैले नयाँ सन्दर्भमा समाजलाई सुसूचित गर्ने, शक्तिमा रहनेहरुको निगरानी गर्ने, समाजका अङ्गहरुलाई जोड्ने आफ्नो भूमिकाको निरन्तरताका लागि पत्रकारहरुले सङ्घर्ष गर्नुको विकल्प छैन । यो सङ्घर्ष एक्काइसौं शताब्दीको एक चौथाइ व्यतीत गर्न लागिएको समयमा बदलिएको सूचना र सञ्चारको पारिस्थितिकीसंगको अनुकूलनको प्रयत्न हो ।

पत्रकारहरुको उपस्थिति बिना लोकतान्त्रिक खुला र बहुलवादी समाजको अस्तित्वको कल्पना गर्न सकिँदैन । तर समाज विकासको नियमकै अधिनमा पत्रकारिताको माध्यमको परिवर्तन वा रुपान्तरण हुँदै

बाँकी तीन पृष्ठमा

# भारत र पाकिस्तानबीचको तनावप्रति नेपाल सचेत रहनुपर्नेमा जोड

काठमाडौँ, २४ वैशाख (रासस) । प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूले भारत र पाकिस्तानबीच विकसित पछिल्लो तनाव र नेपाललाई पार्नसक्ने प्रभावबारे सचेत रहनुपर्नेमा जोड दिनुभएको छ ।

नेपाली कांग्रेसका सांसद सञ्जयकुमार गौतमले भूराजनीतिक संवेदनशीलता र खुला सिमानाका कारण भारत र पाकिस्तानबीच युद्ध सुरु भएको भन्दै यसले नेपाललाई पार्ने अल्पकालीन र दीर्घकालीन प्रभावहरूका बारेमा नेपाल सरकारले समयमै सचेत भएर छलफल अघि बढाउन अनुरोध गर्नुभयो ।

उहाँले दक्षिणपूर्वी एसियाली मुलुकमा द्वन्द्व चर्किएको र यतिबेला राष्ट्रिय राजनीतिक दलको एकता जरुरी भएको औँल्याउनुभयो । संविधान संशोधन, सङ्घीयताको सबलीकरण, संस्कृतिको संरक्षण र प्रवर्द्धनलगायत विषयमा सबै दलहरूबीच न्यूनतम सहमति गरी आमजनतालाई आशा जगाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

सांसद गौतमले राष्ट्रिय निकुञ्ज क्षेत्रमा जङ्गली जनावरको त्रास बढिरहेको, पछिल्लो तीन महिनामा बर्दियामा चितुवाको आतङ्कबाट दुई जनाको मृत्यु हुनुका साथै ११ जना घाइते भएका भन्दै जङ्गली जनावरबाट नागरिकलाई सुरक्षित गर्नेगरी वातावरण बनाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद अच्युतप्रसाद मैनालीले सरकारले दृढ सङ्कल्पसहित नयाँ योजना र कार्यक्रमका साथ नीति तथा कार्यक्रम ल्याएको भन्दै यसलाई पारित गराउनेतर्फ सकारात्मक पहल हुनुपर्ने धारणा राख्नुभयो । सरकारले हिम्मत र साहसका साथ परम्परागत नीति तथा कार्यक्रमकलाई क्रमभङ्ग गर्दै ल्याएको उहाँको भनाइ छ ।

सांसद मैनालीले प्रतिपक्षी दलका सांसदले तथ्यपरक र सत्यपरक भनाइ राख्दै नीति तथा कार्यक्रममाथि सकारात्मक टिप्पणी गर्नुपर्नेमा धारणा राख्नुभयो । उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र मुलुकको आर्थिक विकासका लागि राजनीतिक दलहरूबीच साझा धारणा र दृष्टिकोणका साथ अगाडि बढ्न आवश्यक रहेको औँल्याउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद रुपा सोशी (चौधरी)ले ठूलाठूला भ्रष्टाचार र अनियमितता नियन्त्रण गर्न सरकार सक्रिय हुनुपर्नेमा जोड दिनुभयो । समाजवादोन्मुख अर्थव्यवस्थामा लैजान निजीकरणभन्दा सार्वजनिक निजी साझेदारी ढाँचालाई प्राथमिकता दिनुपर्नेमा उहाँले जोड दिनुभयो । नेपाल विद्युत् प्राधिकरण घाटामा गएको विषय बाहिर आएको भन्दै प्राधिकरणलाई सबल र प्रभावकारी बनाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद चन्दा कार्की (भण्डारी) ले नेपाल राष्ट्र बैंकको गभर्नर पद झण्डै एक महिनादेखि रिक्त रहेको भन्दै चाँडो गभर्नर नियुक्ति गरेर मुलुकको आर्थिक अवस्था र वित्तीय प्रणालीलाई सुधार गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले देशमा आर्थिक समस्या बढिरहेको, सुशासन प्रवर्द्धन हुन नसकेको तथा उत्पादनशील र सेवा क्षेत्र उत्साहित नभएको अवस्थामा गभर्नरजस्तो संवेदनशील विषयमा सरकार र राजनीतिक दलहरू गम्भीर हुनुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद विक्रम पाण्डेले बर्सातको समय सुरु हुन लागेको र यस वर्ष विगतको वर्षभन्दा बढी गर्मी हुने र अत्यधिक वर्षा सम्भावना रहेको मौसमविद्हरूले पूर्वानुमान गरिरहेका भन्दै समयमा सम्भावित जोखिम व्यवस्थापनको तयारी थाल्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले आकस्मिक राहत सामग्रीको ढुवानी र उद्धार कार्यलाई चुस्त दुरुस्त बनाउन विपद् व्यवस्थापनलाई सबल र प्रभावकारी बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद शेरबहादुर कुँवरले वरिष्ठ वामपन्थी नेताको दुःखद् निधनप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदन प्रकट गर्नुभयो । उहाँले सुशासन प्रवर्द्धन र विकासलाई तीव्रता दिन सरकारले ढिलो गर्न नहुने धारणा राख्नुभयो । नागरिकको कष्टकर जीवनलाई ध्यान दिँदै बुटवल( नारायणगढ खण्ड यथाशीघ्र निर्माण सम्पन्न गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

# तोलामा एक हजार सात सयले बढ्यो सुन

काठमाडौँ, २४ वैशाख (रासस) । अन्तरराष्ट्रिय बजारमा सुनको मूल्यमा वृद्धि भएसँगै त्यसको प्रभाव स्थानीय बजारमा पनि परेको छ । बुधवार तोलामा रु एक हजार ७०० ले वृद्धि भएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार बुधवार एक तोला सुनको मूल्य रु एक लाख ९१ हजार ६०० कायम भएको छ । त्यसैगरी, एक तोला चाँदी रु एक हजार ९६५ मा बेचबिखन भइरहेको छ ।

मङ्गलबार प्रतितोला सुन रु एक लाख ८९ हजार ९०० र त्यति नै परिमाणको चाँदी रु एक हजार ९६५ मा खरिदबिक्री भएको थियो ।

अन्तरराष्ट्रिय बजारमा बुधवार एक औँस सुन तीन हजार ३९३ अमेरिकी डलरमा कारोबार भइरहेको अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

## *आजको...*

आएको छ । सीपी स्कटले यही सन्दर्भमा सय वर्षअघि नै अखबारको नैतिक र भौतिक उपस्थितिलाई औँल्याएको हुनुपर्दछ । अखबारको त्यो बेलादेखिको नैतिक उपस्थिति भनेको पत्रकारिताजस्तो पवित्र पेसा र शताब्दीऔंको अभ्यासबाट स्थापित यसको व्यावसायिक धर्म नै हो । पत्रकारिताको भौतिक उपस्थितिका रुपमा कुनै बेला छापा थियो, अबको समयमा नरहन सक्छ । तर पत्रकारहरुको समयानुकूल सिर्जनशीलता र अनुकूलनको क्षमताले पत्रकारितालाई अघि बढाउँदै लैजानेछ भन्ने विश्वास गर्न सकिन्छ । यो विश्वास पूरा हुन नसकेको अवस्था आयो भने चाहीँ के हुन्छ ? पत्रकारहरुले पत्रकारितालाई डोऱ्याउन सक्दैनन्, अनि माध्यम र सन्देश दुवै पत्रकारिताको मूल्य र मान्यताविमुख हुन पर्दछन्, जसले गर्दा प्रभावले अन्यौलग्रस्त अवस्था सिर्जना गर्नेछ ।

## विश्व समाचार

### भारतद्वारा पाकिस्तानमाथि सैन्य कारबाही सुरु, तनाव चुलियो

नयाँदिल्ली, २४ वैशाख (रासस/एएनआई/एएफपी) ।

भारतले 'अपरेशन सिन्दूर' नाम दिइएको एक सैन्य कारबाही अन्तर्गत पाकिस्तानका नौ स्थानमा हवाई आक्रमण गरेको छ । भारतीय रक्षा मन्त्रालयका अनुसार, ती सबै स्थानबाट भारतमाथि हुने आतङ्की आक्रमणको योजना र निर्देशन भइरहेको थियो ।

यो कारबाही अप्रिल २२ मा भारत-नियन्त्रित कश्मीरमा भएको आक्रमणपछि गरिएको हो, जसमा २६ जना पर्यटकको मृत्यु भएको थियो । भारतले उक्त आक्रमणको दोष पाकिस्तानमाथि लगाएको छ ।

भारतको वाशिङ्टनस्थित दूतावासले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "आक्रमण पूर्णरूपमा लक्षित र सटीक थियो । केवल चिनिएका आतङ्की शिविरलाई मात्र निसाना बनाइएको हो ।"

पाकिस्तानी प्रधानमन्त्री शहबाज शरिफले भारतको कारबाहीलाई युद्धको घोर उक्साहट भन्दै कडा निन्दा गर्नुभयो र बलियो जवाफ दिने चेतावनी दिनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घले दुवै पक्षलाई संयम अपनाउन आग्रह गरेको छ । उसले भनेको छ, "दुई आणविक शक्तिबीच युद्ध विश्वका लागि अत्यन्त खतरनाक हुन सक्छ ।"

### गाजामा हमासद्वारा बन्धक बनाइएका २१ जना मात्रै जीवित रहेको विश्वास गरिएको ट्रम्पको भनाइ

वासिङ्टन, २४ वैशाख (रासस/एपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार गाजामा हमासले पक्रिएका तीन बन्धकको मृत्यु भएको र २१ जना मात्रै जीवित रहेको विश्वास गरिएको बताउनुभएको छ ।

"आजको मितिसम्म २१ जना छन्, तीन जनाको मृत्यु भएको छ", हालसम्म २४ जना जीवित रहेको विश्वास गरिएको उल्लेख गर्दै ट्रम्पले हमासले लिएका बन्धकहरूको बारेमा भन्नुभयो ।

उहाँले अब मृत भएको विश्वास गरिएकाहरूको पहिचान वा उनीहरूको मृत्युको बारेमा कसरी थाहा पाउनुभयो भन्ने बारे थप विवरण दिनुभएन । "त्यहाँ २१ जना छन् र धेरै मृत शरीर पनि", उहाँले भन्नुभयो । एक अमेरिकी एडन अलेक्जान्डर जीवित रहेको विश्वास गरिएका २४ बन्धक मध्ये एक थिए । हमासले सन् २०२३ को अक्टोबर ७ मा इजरायलमाथि आक्रमण गरेपछि अन्य केही अमेरिकीका शव पनि हमासको कब्जामा रहेका छन् ।

बन्धकहरूलाई पुनः प्राप्त गर्न र हमासलाई नष्ट गर्ने आफ्नो युद्ध लक्ष्यहरू पूरा गर्ने प्रयासमा इजरायलले गाजा पट्टी कब्जा गर्ने र प्यालेस्टिनी क्षेत्रमा अनिर्दिष्ट समयका लागि बस्ने योजनालाई सोमबार अनुमोदन गरेपछि राष्ट्रपति ट्रम्पको टिप्पणी आएको हो ।

यदि कार्यान्वयन गरियो भने यस कदमले त्यहाँ इजरायलको अपरेसनहरू व्यापक रूपमा विस्तार गर्नेछ र सम्भवतः कडा अन्तर्राष्ट्रिय विरोधलाई आकर्षित गर्नेछ ।

अमेरिकी दूतावासले सोमबार १७ जना अमेरिकी नागरिक र कानूनी स्थायी बासिन्दाहरूलाई गाजा छोड्न मद्दत गरेको अमेरिकी विदेश मन्त्रालयले मङ्गलबार जनाएको छ ।

"हामी इजरायली र जोर्डन सरकारहरूका हाम्रा साझेदारहरूलाई धन्यवाद दिन्छौं जसले यो प्रस्थान सम्भव बनाए," मन्त्रालयले भनेको छ । विदेशमन्त्री मार्को रुबियोले सोमबार वासिङ्टनमा जोर्डनका राजा अब्दुल्ला द्वितीयसँग भेट गर्नुभयो ।

### फ्रेडरिख मर्ज जर्मनीको नयाँ चान्सलर निर्वाचित, दोस्रो चरणको मतदानमा जित

बर्लिन, २४ वैशाख (रासस/एपी) ।

फ्रेडरिख मर्ज जर्मनीको १०औँ सङ्घीय प्रमुख (चान्सलर)को रूपमा निर्वाचित हुनुभएको छ । मङ्गलबार भएको दोस्रो चरणको मतदानमा उहाँले आवश्यक बहुमत प्राप्त गरी सफलतापूर्वक चयन हुनुभएको हो । यसअघि बिहान सम्पन्न पहिलो चरणको मतदानमा उहाँले अपेक्षित मत नपाई पराजय व्यहोर्नुभएको थियो ।

पहिलो चरणमा उहाँले ३१६ मत आवश्यक पर्दा ३१० मत मात्र प्राप्त गर्नुभएको थियो । दोस्रो चरणमा भने उहाँले ३२५ मत प्राप्त गरी सङ्घीयसभाबाट निर्वाचित हुनुभयो ।

उनन्सत्तरी वर्षको उमेरमा यो पद सम्हाल्नु भएका मर्जले यसअघि कहिल्यै उच्च कार्यकारी जिम्मेवारी वहन गर्नुभएको थिएन । उहाँ न सङ्घीय मन्त्री हुनुहुन्थ्यो, न राज्य प्रमुख, न त सानो नगरपालिकाको प्रमुख (मेयर) नै । कोनराड एडेनाउरपछि उहाँ यस्ता सबैभन्दा ज्येष्ठ व्यक्ति हुनुहुन्छ, जसले युद्धपछिको जर्मनीमा सङ्घीय प्रमुखको रूपमा पदभार सम्हाल्नुभएको हो ।

युक्रेनका राष्ट्रपति भोलोदमिर जेलेन्स्कीले नव निर्वाचित सङ्घीय प्रमुखलाई बधाई ज्ञापन गर्दै, युरोपसँगको साझेदारीमा जर्मनीको भूमिकामा अझ सशक्तता हुने विश्वास व्यक्त गर्नुभएको छ । जर्मनी, संयुक्त राज्यपछि युक्रेनलाई सबैभन्दा बढी सहायता उपलब्ध गराउने राष्ट्र हो ।

नयाँ नेतृत्वबाट दीर्घकालीन राजनीतिक अन्योलको अन्त्य हुने, आर्थिक नीतिमा स्पष्टता आउने, कर प्रणालीमा सुधार तथा भौतिक पूर्वाधारको सुदृढीकरणमार्फत आर्थिक वृद्धि हुने अपेक्षा गरिएको छ ।

यसैबीच, संसदमा प्रमुख विपक्षी शक्तिका रूपमा रहेको 'वैकल्पिक जर्मनीका लागि' नामक दलले प्रारम्भिक नतिजालाई लिएर आलोचना गरे पनि निर्वाचन प्रक्रियाको मर्यादा र लोकतान्त्रिक परम्पराको सम्मान कायम गरिएको देखिएको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका, सप्तरी**

# कञ्चनपुर-कमला सडक विस्तार: लहानमा ‘ओभरपास’ निर्माण थालियो

सिरहा, २४ वैशाख (रासस)।

पूर्वपश्चिम राजमार्गअन्तर्गत कञ्चनपुर-कमला सडक विस्तारका क्रममा लहानचोकमा ‘ओभरपास’ निर्माणको सुरु भएको छ। ‘चाइना रेलवे-२ इन्जिनियरिङ ग्रुप’ले ‘ओभरपास’ निर्माण थालेको हो।

सप्तरीको कञ्चनपुरबाट सिरहाको कमलासम्म ८६ दशमलव ८३ किलोमिटर लम्बाइमध्ये पश्चिम (सिरहा) खण्ड बलानबाट कमलासम्म ४७ किलोमिटर खण्डाको ६२ प्रतिशत काम पूरा भएको छ। लहान चोकमा रहेको सहिद स्मारक हटाएसँगै ‘ओभरपास’ निर्माण थालिएको हो।

कञ्चनपुर-कमला सडक आयोजना पश्चिम खण्ड (सिराहा)का सूचना अधिकारी सरोज कोइरालाका अनुसार अन्तरराष्ट्रिय मापदण्डअनुसारका ३२ मिटर चौडा दुई ओभरपास निर्माण हुने छन्। मिर्चैयाको चोकमा पनि ‘ओभरपास’ निर्माण प्रारम्भ भएको छ। यो सडक खण्डमा पाँचवटा ‘अण्डरपास’ निर्माण हुने छन्। लहानमा अण्डरपास पनि धमाधम बन्दैछन्।

आयोजनाको कुल लागत रु १५ अर्ब ६६ करोड ४४ हजार ९८३ छ। पूर्वीखण्ड (सप्तरीको कञ्चनपुरबाट कुशहासम्मको ३९ किलोमिटर स्तरोन्नति गर्न रु सात अर्ब २७ करोडमा ठेक्का लागेको छ। यस खण्डमा करिब ६० प्रतिशत भौतिक प्रगति भएको जानकारी उहाँले दिनुभयो।

# किसानलाई सहजरुपमा पर्याप्त मलखाद उपलब्ध गराउन माग

काठमाडौँ, २४ वैशाख (रासस)।

किसानलाई पर्याप्त मलखाद सहजरुपमा उपलब्ध गराउन सांसदहरुले माग गर्नुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा विशेष समयमा सांसद प्रभु साहले बर्षायाम सुरु भएसँगै किसानहरुलाई मलखादको अभावमा खेती लगाउन समस्या भएकोतर्फ सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको हो।

आमजनता पार्टीका सांसद साहले खेतीबालीको समयमा सरकारले रासायनिक मल उपलब्ध नगराउँदा किसानहरु महँगो शुल्कमा मल खरिद गर्न बाध्य भएको गुनासो गर्नुभयो।

“मल खरिद र वितरणको जिम्मा केन्द्र सरकारको हो कि हैन ?”, सांसद साहले भन्नुभयो, “३० लाख हेक्टर जगा जहाँ ११ लाख मेट्रिक टन खाद आवश्यक पर्नेमा पाँच लाखको मात्र ठेक्का गर्छ। त्यसमा पनि तीन मेट्रिक टनमात्र भित्रिएको छ।”

वशेष समयमा बोल्दै नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले बालबालिकामा पुड्कोपना, कम तौल, कुपोषण र रक्तअल्पतामा सुधार नदेखिएको जनाउँदै सात सरकारी उद्योग निजीकरण गर्ने सरकारको निर्णयप्रति समेत आपत्ति जनाउनुभयो।

बाल मन्दिरको जग्गा दुरुपयोग, पतञ्जली योगपीठ जग्गा अनियमितता र सुर्तीजन्य पदार्थमा कम करबारे सरकारले सदनमा जवाफ दिनुपर्ने सांसद सुवालको भनाइ थियो।

यस्तै, नेपाली कांग्रेसका सांसद रमा कोइराला पौडचालले सिंहदरबारमा रहेको शिशु स्याहार केन्द्रमा अस्थायी स्थायी सबै कर्मचारीको लागि व्यवस्थित गर्नुपर्ने बताउनुभयो।

“के मातृत्व भनेको स्थायी कर्मचारीको लागि मात्र हो ?”, उहाँले भन्नुभयो, “शिशु स्याहार केन्द्रमा स्थायी कर्मचारी महिलाका लागि मात्र हुने रहेछ। करारमा काम गर्ने महिला कर्मचारीले काखमा बच्चा बोकेर स्तनपान गराउनुपर्ने, ओहोरदोहोर गर्नुपर्ने अवस्था छ। यसरी भेदभाव गर्नहुँदैन।”

सांसद डा अमरेशकुमार सिंहले जम्मु कश्मीरको पहलगाममा भएको आतङ्कवादी हमलामा ज्यान गुमाउनुभएका सुदीप न्यौपानेको परिवारसम्म सरकार पुग्न नसकेको गुनासो गर्नुभयो।

सांसद कान्तिका सेजुवालले जुम्लामा चार वटा कृषि अनुसन्धान केन्द्र रहेको उल्लेख गर्नुहुँदै तिनले के अनुसन्धान गरे भनी सरकार बेखबर रहेको गुनासो गर्नुभयो। केन्द्रमा दक्ष जनशक्ति नभएको, वैज्ञानिक र बजेट नभएकाले यसको व्यवस्था गरी केन्द्रलाई प्रभावकारी बनाउनुपर्ने उहाँले भनाइ राख्नुभयो।

सांसद हरिप्रसाद उप्रेतीले नदीनाला र पहाडले भरिएको मुलुक कृषिमा निर्भर रहेकाले तराईमा बाढीले उर्बर भूमि तहसनहस गर्ने गरेको सुनाउनुभयो। नदी किनारमा बाँसको खेती गरे नदी नियन्त्रण हुने बताउनुभयो। यसबाट तेहोरो फाइदा हुने उहाँले सुनाउनुभयो। बाँसबाट नदी नियन्त्रण रोक्न सकिने, बाँसको उद्योग खोलेर निर्यात गर्न सकिने र विदेश जानेलाई स्वदेशमै रोजगारी दिन सकिने सांसद उप्रेतीको भनाइ थियो।

उखु किसानलाई चिनी मिलको शेयर सदस्य बनाएर उद्योग चलाउने नीति बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो। यसबाट किसानले उखुको मूल्य नपाउने समस्या समाधान गर्न सकिने उहाँको विचार थियो।

# लोकतन्त्र र पत्रकारिता एउटै सिक्काको दुई पाटो : मन्त्री भण्डारी

विराटनगर, २४ वैशाख (रासस)।

कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले लोकतन्त्र र पत्रकारिता एउटै सिक्काको दुई पाटो भएको बताउनुभएको छ।

राष्ट्रिय पत्रकारिता दिवसको अवसरमा बुधवार मन्त्रालयद्वारा आयोजित अन्तर्क्रिया कार्यक्रममा उहाँले लोकतन्त्र स्थापना र सुदृढीकरणका पक्षमा उल्लेख्यनीय योगदान रहेको पत्रकारिता क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनमा सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

मन्त्री भण्डारीले सरकार बजेट, नीति तथा कार्यक्रम निर्माणमा जुटिरहेको विद्यमान अवस्थामा आमसञ्चार क्षेत्रलाई अझ सुदृढ, व्यवस्थित, सशक्त र प्रभावकारी बनाउन पत्रकार जगत्‌बाट सरकारलाई रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गर्नुभयो।

आमजनतामा भ्रम सिर्जना गरेर लोकतन्त्रलाई कमजोर बनाउने प्रपञ्च मुलुकमा भइरहेको उल्लेख गर्दै उहाँले सत्यतथ्यमा आधारित समाचार सम्प्रेषण गरी लोकतन्त्र र प्रेस स्वतन्त्रताका पक्षमा कलम चलाउन अनुरोध गर्नभयो।

मन्त्रालयका सचिव रामप्रसाद आचार्यको अध्यक्षतामा भएको सो कार्यक्रममा नेपाल पत्रकार महासङ्घ कोशी प्रदेशका अध्यक्ष भरत खड्का र नेपाल पत्रकार महासङ्घ मोरङ शाखाकी अध्यक्ष सुशीला पाठकले लोकतान्त्रिक शासन व्यवस्थामा मात्र पत्रकारिता क्षेत्रको भविष्य सुनिश्चत हुने प्रसङ्ग उल्लेख गर्दै पत्रकारको हकहितका पक्षमा राज्यले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो।

‘विश्वसनीय सूचनाको अधिकार : जवाफदेही पत्रकारिता र सुरक्षित पत्रकार’ भन्ने नाराका साथ मनाइको पत्रकारिता दिवसका अवसरमा आयोजित सो कार्यक्रममा स्वतन्त्र पत्रकार यज्ञ शर्माले ‘पत्रकारिताको समस्या र समाधानका विषय’मा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

## जनमत...

राजविराज नगरपालिका ९ मलेठमा निर्माण हुने गजेन्द्रनारायण सिंह स्मृती भवन, ओशो आश्रम तथा वृद्ध ध्यान केन्द्र भवनको समेत शिलान्यास गरेका छन्। सो अवसरमा मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह समेतको उपस्थिति रहेको जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादवले जानकारी दिए।

## जग्गाधनी...

माग राखि नगरवासीले पटक-पटक सरोकारबाला निकायहरुलाई गुहाऱ्यो। तर, कहिंकतैबाट समस्या समाधान हुने आश नदेखेपछि नगरवासीले संग आन्दोलनमा जानुको विल्पक नरहेको संघर्ष समिति संयोजक इरसाद अन्सारीले बताए।

“संघीयदेखि प्रदेशसभा सम्ममा साँसदहरुले यो समस्या समाधान गर्न आवाज उठाए तर, साँसदहरुको आवाज समेत नसुन्ने सरकार तथा सरोकारबाला निकाय हाम्रो माग प्रति गम्भिर देखिएन, त्यसैले बाध्य भएर संघर्षमा उत्रिनु परेको हो” अन्सारीले भने।

जग्गाधनी पुर्जा पाउनुपर्ने सहित विभिन्न ८ बुदे माग अघि सार्दै आन्दोलनरत राजबिराज नगरवासीले तेश्रो चरणको आन्दोलन कार्यक्रम सार्वजनिक गरेको छ।

नगरवासीले गठन गरेको संघर्ष समितीको बुधवार बसेको बैठकले प्रथम र दोश्रो चरणका आन्दोलनको समिक्षा गरि अहिले सम्म माग प्रति सरोकारवाला निकायले देखाएको चासो समेतको अवस्थालाई मध्य नजर गर्दै तेश्रो चरणको आन्दोलन कार्यक्रम तय गरेको संघर्ष समितीका संयोजक इरसाद अन्सारीले जानकारी दिए।

प्रथम चरणमा बजार बन्द, विरोध प्रर्दशन तथा दोश्रो चरणमा नगरभरी कालो झण्डा झुण्ड्याउने, नापी र नगरपालिका कार्यालयमा धर्ना र मुख्य चौकमा हस्ताक्षर संकलन अभियान चलाएको समितिले तेश्रो चरणमा राजबिराज स्थापनाकालमा कायम भएको तत्कालिन १० वटा वडामा घरदैलो हस्ताक्षर संकलन तथा प्रत्येक घरधुरी परिवार बसोवास गर्दै आएको जग्गाको कागजात संकलन गर्ने निर्णय गरेको छ।

यसका लागी वडा नं.२ मा अजय सिंह, वडा नं.३ मा कौशर अली, वडा नं ४ मा श्याम शर्मा, वडा नं ५ मा सतिष चन्द्र झा (मदन)लाई संयोजकको जिम्मेवारी दिइएको छ।

यस्तै वडा नं ६ मा राजकुमार चौधरी, वडा नं ७ मा माँगीलाल नाई, वडा नं ८ मा राजकुमार परियार, वडा नं. ९ मा सुब्वी यादव र वडा नं. १० मा विष्णू देव यादवलाई संयोजकको जिम्मेवारी दिइएको संघर्ष समितिका प्रवक्ता अनिल देवले जानकारी दिए।

प्रत्येक वडामा एक जना संयोजक र ७ जनालाई सदस्य तोकिएको छ। यता नगरवासीको आन्दोलन जारी रहँदा प्रमुख जिल्ला अधिकारी भोला दाहालले चासा लिदै संघर्ष समिती संग वार्ता समेत शुरु गरेका छन्।

प्रमुख जिल्ला अधिकारी दाहालसँग वार्ता सकारात्मक ढंगले अघि बढेको संघर्ष समितीका संयोजक अन्सारीले बताए। उनले नगरवासीको समस्याको विषय लिएर उद्योग बाणिज्य संघ सप्तरी समेतलाई ज्ञापन पत्र बुझाईएको जानकारी दिए।

यसैबीच सप्तरी उधोग बाणिज्य संघका अध्यक्ष लालु प्रसाद अग्रवालको अध्यक्षतामा बसेको पदाधिकारी एवं उधोगी व्यवसायीहरुको बैठकले संघर्ष समितीद्वारा जारी आन्दोलनमा एक्यबद्धता जनाउदै जारी आन्दोलनमा उधोगी व्यवसायीहरुलाई पनि सहभागी हुन आह्वान गरेका छन्।

उनले नगरको ब्लक, विटौरी र बाटो मापदण्ड लगायतको जग्गाको लालपूर्जा लामो समयदेखी वितरण नहुदा उधोगी व्यसायी मारमा परेको र यहाँको ब्यापार व्यवसाय समेत प्रभावित बनेको भन्दै जारी आन्दोलनमा सबै उद्योगी व्यवसायीले पनि साथ दिने निर्णय भएको जानकारी दिए।

संघर्ष समितिले ब्लक र बिटौरी जग्गाको लालपुर्जाका साथै हटियामा निर्माणाधिन व्यवसायिक कम्पलेक्सको निर्माण कार्य अविलम्व सकाएर व्यवसायीलाई हस्तान्तरण, नाका क्षेत्रमा बर्षौ देखि बन्द रहेका छोटी भन्सार कर्यालयहरुको पुनर्संचालन लगायतका ८ बुदे माग अघि सार्दै विगत २ महिनादेखि आन्दोलन गर्दै आएका छन्।

## ठूलो...

कारोबारमा प्रयोग गरिएका ०१(००४ प ५९८५ नम्बरको मोटरसाईकल र स ३ प १७२ नम्बरको मोटरसाईकल गरी दुईवटा मोटरसाईकल उनीहरुले बोकेका रेडमी मोबाईल १ थान र रियलमी मोबाईल १ थान गरी जम्मा २ थान मोबाईलसेट पनि बरामद गरिएको प्रवक्ता पासवानले जानकारी दिए।

भारतबाट लागुऔषध खरिद गरी बलान खोलाको बगर हुदै लहान तर्फ आउदै गरेको भन्ने गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय सिरहा, इलाका प्रहरी कार्यालय लहान सिरहा र प्रहरी चौकी लहान सिरहाबाट खटिएको संयुक्त प्रहरी टोलीले उक्त स्थानमा पुगी चेकजाँच गर्ने क्रममा बलान खोलाको बगरमा टाउको तथा पिठ्युमा लागू औषधको बोराको पोका बोकेको अवस्थामा नियन्त्रणमा लिएर अदालतबाट म्याद थप गराई अनुसन्धान अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

# जनतालाई अनावश्यकरूपमा निराश बनाउनु एक प्रकारको अपराध हो : प्रधानमन्त्री

ललितपुर, २४ वैशाख (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले जनतालाई अनावश्यक रूपमा निराश बनाउनु एक प्रकारको अपराध हुने बताउनुभएको छ।

‘लोकान्तर डटकम’ को नवौँ वार्षिकोत्सवका अवसरमा आज आयोजित विशेष संवादमा प्रधानमन्त्री ओलीले देशलाई बर्बादीतिर धकेल्ने होइन आशावादीतामा फर्काउनुपर्नेमा जोड दिनुभएको हो।

मुलुकमा विकास र समृद्धिका प्रयास भइरहे पनि मानिसहरूमा निराशा छाउनुको कारण के होला ? भन्ने प्रस्तोता विमल गौतमको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले भन्नुभयो, “केही फेसबुक र युट्युब र आँखामा कालो पट्टी बाँधेर हेर्ने दृष्टिकोण भएकाहरूका कारण निराशा छ, भनेर मुलुकलाई बदनाम गर्न खोजिएको छ। त्यो यथार्थ होइन।”

विगतमा आफू प्रधानमन्त्री हुँदा थालेका महत्त्वपूर्ण आयोजना र चालिएका कदमलाई तीव्रताका साथ पूरा गर्ने दृढता लिएर सरकार अघि बढिरहेकाले युवाहरूलाई निराश होइन, हामी आफैँले आफ्नो देश बनाउन सक्छौँ भन्ने आशावादका साथ देशभित्रै केन्द्रित हुन आग्रह गर्नुभयो।

“यहाँ काम गर्ने मान्छे छैन, मान्छेहरू काम पाइन्छ भनेर देश बाहिर गइरहेका छन्। यस देशमा केही भएन भन्ने मिसनका साथ सञ्चालित र पुरातनवादी तत्त्वहरू छटपटाएका छन्। उसले दुई सय पचास वर्ष शासक भएर खाएको सम्झिएको छ। उनीहरू यो लोकतान्त्रिक प्रणालीको चुनावबाट आउने सम्भावना नदेखेर मुलुकमा केही पनि भएन भन्दैछन्।”

प्रधानमन्त्री ओलीको भनाइ थियो, “अधिनायकवाद र तानाशाहमा विश्वास गर्नेहरूले आशा जगाउने कुरा गर्दा पनि गाली गरिरहेका छन्। आशावाद र विकासको कुरा गर्ने कलाकारको चलचित्र बहिष्कार गर्ने भन्न पछि पर्दैनन्। यस्तो खालको असहिष्णुता र सङ्कीर्णता बोक्नेहरूले लोकतन्त्र पचाउन नसकेका हुन्। यथार्थमा लोकतन्त्र श्रेष्ठ विकल्प हो। यसको विकल्प छैन, त्यसैगरी आशावादीता ठिक बाटो हो, यसलाई छोड्न हुँदैन।”

# प्रधानमन्त्रीद्वारा राष्ट्रिय पत्रकारिता दिवसको शुभकामना

काठमाडौँ, २४ वैशाख (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय पत्रकारिता दिवसका अवसरमा सम्पूर्ण सञ्चारकर्मीमा शुभकामना व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालमार्फत उहाँले पत्रकार र पत्रकारितासँग सम्बन्धित सबैप्रति हार्दिक शुभकामना व्यक्त गर्नुभएको हो।

पुस्तकालयमा गोरखापत्र पढिरहेको आफ्नो तस्बिर ‘फेसबुक’मा ‘पोष्ट’ गर्दै प्रधानमन्त्री ओलीले “आज गोरखापत्र स्थापना दिवस। विक्रम संवत् १९५८ वैशाख २४ गते गोरखापत्र स्थापना भएको थियो। आजको दिनलाई हामीले राष्ट्रिय पत्रकारिता दिवसका रूपमा मनाउने गरेका छौँ। सम्पूर्ण पत्रकार र पत्रकारितासँग सम्बन्धित सबैलाई हार्दिक शुभकामना”, लेख्नुभएको छ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*